नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

## धन्यवाद ज्ञापन

आर्थिक वर्ष २०७६।७७ मा आयकर रु २१७ अर्ब २६ करोड, मूल्य अभिबृद्धि कर रु ९८ अर्ब २२ करोड, अन्तशुल्क रु ६४ अर्ब ७९ करोड र शिक्षा सेवा शुल्क र अन्य रु ४ अर्ब ४ करोड गरी कुल ३८४ अर्ब ३१ करोड राजस्व संकलन भएको छ । आर्थिक वर्ष २०७५।७६ मा संकलन भएको कुल ३५८ अर्ब ४१ करोड भन्दा करिब २६ अर्ब (करिब ७ प्रतिशत बृद्धिदर) बढी रहेको छ । गत वर्ष १ लाख ९४ हजार व्यावसायिक स्थायी लेखा नम्बर र ९ लाख ५३ हजार व्यक्तिगत स्थायी लेखा नम्बर गरी कुल ११ लाख ४७ हजार नयाँ करदाता करको दायरा आउनु भएको छ । कोविड-१९ को कारणले करिब ४ महिनासम्मको बन्दाबन्दीले सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा परेको समस्या, स्वास्थ्य जोखिम तथा मनोसामाजिक प्रतिकूलताले लगानी, उत्पादन, व्यवसाय र रोजगारीमा परेको नकारात्मक प्रभावका बाबजुद असल नागरिकको दायित्व निर्वाह गर्दै कर सहभागिता जनाउने सबै आदरणीय करदाताहरुप्रति कृतज्ञता व्यक्त गर्दछु ।

राजस्व परिचालनको लागि नीतिगत मार्गदर्शन र उत्प्रेरणा प्रदान गर्नु हुने माननीय अर्थमन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरु र अर्थ मन्त्रालय परिवारप्रति हार्दिक आभारी छु । साथै विविध प्रतिकूलताहरुको सामना गर्दै कर्तव्यपथमा निरन्तररुपमा खटिई करदाताहरुलाई सेवा प्रदान गर्ने र कर संकलनमा योगदान गर्नुहुने कर परिवारका सदस्य तथा बैंकका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु र यस वर्ष पनि थप उत्साहका साथ कार्यसम्पादन गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

मुलुकमा देखिएको अत्यन्त कठीन परिस्थितिमा पनि राजस्व परिचालनमा देखिएका समस्या र सुधारका विषयमा निरन्तर निगरानी गर्दै रचनात्मक सुझाव दिनु हुने नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघलगायतका संघसंस्थाहरु, विज्ञ नागरिक समाज संचारकर्मी संघसंस्था तथा समस्त महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

महानिर्देशक

मिति २०७७ श्रावण १ गते ।

लाजिम्पाट काठमाडौं ।